खैरहनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
खैरहनी, चितवन
बागमती प्रदेश, नेपाल
फोन नं. ०५६-५८२८८५, ०५६-५८२००६

प.सं. : ०७७।७८
च.नं. : ४३२

**खैरहनी नगरपालिकाको कोरोना नियन्त्रण तथा व्यवस्थापन समितिको मिति २०७७/४/३० गते का दिन बसेको बैठकले निम्नानुसारका निर्णयहरु गरीएको व्यहोरा सम्पूर्ण नगरवासीहरुलाई जानकारी गराईन्छ ।**

**निर्णय नं. १ :**

कोरोना भाईरसको संक्रमण दिन प्रतिदिन बढदै गएको र यस नगरपालिकामा समेत संक्रमणका कारण जोखिम बढदै गएको अवस्था रहेकोछ । जोखिम कै अवस्थामा भरतपुर अस्पतालमा स्वाब संकलन गरी परीक्षण गराएका खैरहनी नगरपालिका वडा नं. ८ लाहुरे टोलका एक २३ वर्षिय पुरुष कोरोना पोजेटिभ देखिएको हुँदा दक्षिण राजमार्ग देखी उत्तर खानेपानी ट्याङ्की/मगनी चोक जाने बाटोमा पर्ने मगनी टोल सुधार संस्था अन्तरगत पर्ने लाहुरे टोल र आसपासका क्षेत्रमा व्यक्तिको आवतजावतमा कडाई गर्ने । सो क्षेत्रका स्थानीय वासीहरुलाई सजगता अपनाउन अनुरोध गर्ने । संक्रमित व्यक्तिको घर परिवार तथा संम्पर्कमा रहेका व्यक्तिहरुको तत्काल कन्टयाक्ट ट्रेसिङ गर्ने काम गरी स्वाब संकलन तथा परीक्षणको व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. २ :**

हालको बिषम परिस्थितिमा विभिन्न उद्योग, धन्दा, कलकारखाना, व्यापार व्यवसाय सञ्चालन गर्दा नेपाल सरकारले तोकेका सुरक्षा मापदण्ड अपनाएर सञ्चालन भएका छन की छैनन, त्यस्ता किसिमका सुरक्षा मापदण्ड नअपनाउने संस्थालाई सुरक्षाका उपाय अपनाउन निर्देशन दिने र त्यसरी निर्देशन दिँदा अटेरी गर्ने संस्था वा व्यक्तिलाइ आवश्यक कारबाहीको लागि सिफारिश गर्न निम्नानुसारका पदाधिकारी रहेको अनुगमन तथा सिफारिश समिति गठन गर्ने निर्णय गरियो ।

**(क) बैङ्क तथा वित्तीय संस्था अनुगमन समिति**

| | | |
|---|---|---|
| उपप्रमुख -खैरहनी नगरपालिका) | श्री सुनिता खरेल थपलिया | संयोजक ) |
| चेम्बर अफ कमर्सका अध्यक्ष | श्री प्रकाश श्रेष्ठ | सदस्य |
| सामाजिक विकास समितिका संयोजक | श्री मनेजर महतो | सदस्य |
| ईलाका प्रहरी कार्यालयको प्रतिनिधि | | सदस्य |

**(ख) बाणिज्य तथा आपूर्ति क्षेत्र अनुगमन समिति**

| | | |
|---|---|---|
| उद्योग बाणिज्य संघ खैरहनीका अध्यक्ष | श्री चन्द्र प्रसाद सापकोटा | संयोजक |
| नगरका प्रवक्ता | श्री राम शरण पाण्डे | सदस्य |
| वडा नं. ८ का वडाअध्यक्ष | श्री टेक बहादुर थापा क्षेत्री | सदस्य |
| ईलाका प्रहरी कार्यालयको प्रतिनिधि | | सदस्य |

**(ग) क्षेत्र उद्योग अनुगमन समिति**

| | | |
|---|---|---|
| उद्योग संघ खैरहनी ईकाईका अध्यक्ष | श्री प्रतिभा श्रेष्ठ | संयोजक |
| वातावरण व्यवस्थापन समितिका संयोजक | श्री भूमी प्रसाद कंडेल | सदस्य |
| ईलाका प्रहरी कार्यालयको प्रतिनिधि | | सदस्य |

प्रमुख प्रशासकीय अधिकृत (उपसचिव)

खैरहनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
खैरहनी, चितवन
बागमती प्रदेश, नेपाल
फोन नं. ०५६-५८२८८५, ०५६-५८२००६

प.सं. : ०७७/७८
च.नं. : ४३५

**निर्णय नं. ३ :**

बढदै गएको कोरोनाको जोखिमलाई न्यूनिकरणका लागि व्यापार व्यावसायको सञ्चालन, सामाजिक आचारण र व्यावहार तथा सेवा प्रवाहलाई थप व्यवस्थित बनाई समुदायस्तरमा कोरोना थप फैलिन नदिन तथा जोखिमलाई न्यूनिकरण गर्न देहाय बमोजिम कार्यान्वययन गर्न गराउन सबै नगरवासीहरुमा सूचित गर्ने निर्णय गरियो ।

(क) होटल तथा रेष्टुरेन्टमा खाना, खाद्यपरिकार तथा पेय पदार्थ खानपान नगराई होटल तथा रेस्टुरेण्टद्धारा तयार गरिएका खाद्य परिकार बाहिर लैजाने सेवा (टेकअवे) मात्र दिने ।

(ख) छोटो, मध्यम तथा लामोदुरीका यात्रु बाहक साधनहरु २०७७ भाद्र १५ सम्म सञ्चालन नगर्ने ।

(ग) शैक्षिक संस्थाहरु (विद्यालय, कलेज, ट्यूसन सेन्टर, तालिम केन्द्र)ले वैकल्पीक शिक्षण सिकाई बाहेक विद्यार्थि भर्ना, शैक्षिक गतिविधि र अन्य परीक्षा सञ्चालनका कार्यहरु भाद्र १५ सम्म नगर्ने ।

(घ) अत्यावश्यक बाहेक कुनै पनि प्रकारका बैठक, समीक्षा, गोष्ठि, सेमिनार, छलफल र भेला जस्ता सामुहिक जमघट हुने कार्यहरु नगर्ने नगराउने ।

(ङ) धार्मिक स्थलहरुमा नित्य पुजा बाहेक अन्य कुनै पनि गतिविधि सञ्चालन नगर्ने नगराउने ।

(च) नजिक आई रहेका चाडवाडहरु मनाउँदा कहीकतै बाह्य व्याक्तिहरु भेलाजम्मा भई मनाउने कार्य नगर्ने । चाडवाड मनाउँदा परिवारका सदस्य मात्र घरभित्र रही जनस्वास्थ्य र सुरक्षाका मापदण्ड पालना गरेर मात्र मनाउने ।

(छ) अत्यावश्यक सेवा तथा सामाग्री आपूर्ति कार्यमा संलग्न चालक, सहचालक तथा अन्य व्यक्तिलाई अनिवार्य रुपमा स्वास्थ्य तथा सुरक्षाका मापदण्ड पालना गराउने कार्य सम्बन्धित व्यासायी, उद्योगी तथा सामाजिक संघ संस्थाले अनिवार्य रुपमा गराउने ।

(ज) सिनेमा हल, पार्टि प्यालेस, डान्सबार, सैलुन, व्यूटिपार्लर, जिमखाना, योगा तथा प्रार्थना गर्ने स्थान, तथा स्पा, स्वीमिङ्ग पुल, आदि सञ्चालन नगर्ने ।

(झ) फुटपाथ/खुल्ला ठाउँ र ठेलागाढा/अटो रिक्सा/साईकलमा कुनै प्रकारको व्यापार सञ्चालन तथा कवाडी संकलनको कार्य नगर्ने ।

(ञ) उद्योग कलकारखाना सञ्चालन गर्ने व्यावसायीहरुले नेपाल सरकारले जारी गरेको स्वास्थ्य तथा सुरक्षाका मापदण्ड पूर्ण पालना गरी उद्योग परिसर भित्रै वा निश्चित स्थानमा क्वारेन्टिनको व्यवस्था गरी बाहिर आवत जावत नगर्ने व्यवस्था गरेर मात्र सञ्चालन गर्ने ।

(ट) अन्य स्थानबाट कामदारहरु ल्याउन नपाउने ।

(ठ) उपरोक्त निर्णय अनुसार कार्यान्वियन भए नभएको सम्बन्धमा ईलाकाप्रहरी कार्यालयले अनुगमन गर्ने व्यवस्था मिलाउने ।

पुरुषोत्तम शर्मा
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)